# माप्य दुधकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खास्तोप, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प.सं. : २०८१/८२
च.नं. :

मिति : २०८१/१०/१४

**माप्य दुधकोशी गाउँपालिका अध्यक्ष कप भलिवल र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धी सूचना ।**

यस माप्य दुधकोशी गाउँपालिका अध्यक्ष कप (महिला, पुरुष) भलिबल र माध्यमिक विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८१/१०/३० गते देखि गाउँपालिका रंगशाला (कोर्कु) मा सञ्चालन हुने भएकाले तपशिलका शर्तहरु पालना गर्ने गरी प्रतियोगितामा सहभागिताका हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**माप्य दुधकोशी गाउँपालिका अध्यक्ष कप (रनिङ) भलिवल प्रतियोगिताको लागि शर्तहरु तथा पुरस्कार :**

क. अध्यक्ष कप महिला पुरुष भलिबल प्रतियोगिता सोलुखुम्बु जिल्ला व्यापी वडा स्तरीय हुनेछ ।
ख. एक टिममा ९ जना खेलाडी सहित प्रशिक्षक र खेल पोसाक अनिवार्य लगाउनु पर्ने छ ।
ग. एक टिममा एउटा वडा भित्रको मात्र खेलाडी हुनुपर्ने छ ।
घ. सम्बन्धित वडा भित्रको खेलाडी भएको खुल्ने कागजात (वडाको सिफारिस, नागरिकताको प्रतिलिपि) अनिवार्य पेश गर्नुपर्ने छ ।
ङ. कुनै राजनीतिक दल वा राजनीतिक भातृ संगठनको नाममा टिम दर्ता गर्न पाईने छैन ।
च. प्रतियोगिताका सम्पुर्ण खेल चरणहरु नक-आउट नियमानुसर खेलाइने छ र खेल सम्बन्धी सम्पूर्ण निर्णयाधिकार आयोजकको हुने छ ।
छ. प्रतियोगितामा सहभागी टिमहरुको यातायात, खाना, बास,पोसाक लगायतका सम्पुर्ण खर्च सम्बन्धित टिम आफैले व्यवस्था गर्नुपर्ने छ ।

**१.पुरस्कार** ( नियमानुसार पुरस्कार रकममा २५ प्रतिशत कर कट्टी गरिने छ ) :

**प्रथम पुरस्कार:** ट्रफी, मेडल र प्रमाण पत्रको साथमा नगद रु १,११,१११।–, **द्वितिय पुरस्कार :** ट्रफी, मेडल र प्रमाण पत्रको साथमा नगद रु ७७,७७७।–,
**तृतिय पुरस्कार :** ट्रफी, मेडल र प्रमाण पत्रको साथमा नगद रु ५५,५५५।– **सान्तवना :** मेडल र प्रमाण पत्रको साथमा नगद रु २२,२२२।–
**सर्वोउत्कृष्ट खेलाडी पुरस्कार :** ट्रफी, र प्रमाण पत्रको साथमा नगद रु ५,०००।
**उत्कृष्ट (सेटर.डिफेन्डर,ब्लकर,लिवेरो,स्पाईकर,सर्भर) खेलाडी पुरस्कार :** ट्रफी र प्रमाण पत्र ।
**टिम दर्ता शुल्क रु :** ४०००।-

**टिम दर्ता :** मिति : २०८१/१०/१४ - २०८१/१०/२९ गते सम्म ( माघ२९ गते टाइसिट निर्माण गरिने भएकाले २९ गते पछि आएका टिम दर्ता गरिने छैन)
**टिम दर्ता स्थान :** माप्य दुधकोशी गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा,युवा तथा खेलकुद शाखा

**राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि**

१.प्रतियोगितामा सहभागीहरु १८ वर्ष भन्दा मुनिका कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत छात्र/छात्रा हुनुपर्नेछ ।
२.प्रतियोगितामा सहभागीहरुले अनिवार्य जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
३.प्रतियोगितामा भाग लिने प्रत्येक खेलाडीले राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७० को अनुसुचि १ बमोजिमको फारम भरी सम्बन्धित विद्यालयको प्र.अ. लाई प्रमाणित गराई यस कार्यालयमा पेश गर्नुपर्नेछ र प्र.अ. ले प्रमाणित गरेको विवरण सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा प्र.अ. स्वयम जिम्मेवार हुनुपर्नेछ ।
४.प्रतियोगितामा सहभागी खेलाडीको पोसाक, विद्यालयको झण्डा र प्रतियोगितामा सहभागी खेलाडीहरुको यातायात, खाना, बास लगायतका अन्य सम्पुर्ण खर्च सम्बन्धित विद्यालय आफैले व्यवस्था गर्नुपर्नेछ ।
५.एक जना खेलाडीले एथलेटिक्स तर्फ एक ट्र्याक दुई फिल्ड वा एक फिल्ड दुई ट्र्याकमा तथा मार्सल आर्ट तर्फ कराते र तेक्वान्दोको एक विधामा मात्र सहभागी हुन पाइनेछ ।
६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका (उसु बाहेकका) सबै खेलका इभेन्टहरु हुनेछन ।
७.**पुरस्कारहरु :** प्रथम द्वितिय,तृतिय हुने विद्यालयलाई ट्रफी, मेडल र प्रमाण पत्रको साथमा क्रमश नगद रु १०,००० ।–, रु ८,००० ।–, रु ५,००० ।–, तथा सम्पूर्ण बिजेता खेलाडीहरुलाई मेडल र प्रमाण पत्र प्रदान गरिने छ ।

**उद्घाटन कार्यक्रमः- २०८१ साल माघ ३० गते बिहान ११ बजे ।**

***थप जानकारीका लागि सम्पर्क :***

गौरव राई (उपाध्यक्ष) ९८४२९२२७६७,अमित राई (प्रवक्ता) ९७४५४६०२६०, गजेन्द्र भट्टराई ९८४९५१७९३३ र नवराज राई ९८६२९५२९१०

***नोट : अध्यक्ष कप भलिवल र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका क्रममा खेलाडीहरु घाइते भएमा वा अन्य कुनै प्रकारको नोक्सानि भएमा वा कुनै अप्रिय घटना भएमा आयोजक जिम्मेवार हुने छैन ।***

गजेन्द्र भट्टराई
नि. प्रमुख प्रशासकीय अधिकृत